# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, भदौ १० गते २०५५ साल (अतिरिक्ताङ्क ३४

## भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. ८

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन

प्रस्तावना : स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन विक्रम सम्वत् २०५४ साल चैत्र ३१ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. गाउँ विकास समिति ऐन, २०४८ मा संशोधन : गाउँ विकास समिति ऐन, २०४८ को, –

(१) दफा ५१ को सट्टा देहायको दफा ५१ राखिएकोछ :–

"५१. म्याद थप गर्न सक्ने : (१) विशेष परिस्थितिवश गाउँ विकास समितिका सदस्यहरुको समयमा निर्वाचन हुन नसकेमा श्री ५ को सरकारले बढीमा एक वर्षको लागि म्याद थप गरी वा अन्य तवरबाट कार्य संचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र पनि गाउँ विकास समितिका सदस्यहरुको निर्वाचन सम्पन्न हुन नसकेमा श्री ५ को सरकारले पुनः बढीमा एक वर्षको

802



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि म्याद थप गरी वा अन्य तवरबाट कार्य संचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।"

(२) दफा ५१ पछि देहायको दफा ५१क. थपिएकोछ :-

"५१क. गाउँ परिषद सम्बन्धी विशेष व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५१ बमोजिम गाउँ विकास समितिका सदस्यहरुको म्याद थप भएमा वा अन्य तवरबाट कार्य संचालन गर्ने व्यवस्था भएमा दफा १३घ. बमोजिम गाउँ परिषद्लाई भएको काम, कर्तव्य र अधिकार प्रयोग गर्न सक्ने गरी श्री ५ को सरकारले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।"

३. नगरपालिका ऐन, २०४८ मा संशोधन : नगरपालिका ऐन, २०४८ को दफा ७० को सट्टा देहायको दफा ७० राखिएकोछ :-

"७०. म्याद थप गर्न सक्ने : (१) विशेष परिस्थितिवश नगरपालिकाका सदस्यहरुको समयमा निर्वाचन हुन नसकेमा श्री ५ को सरकारले बढीमा एक वर्षको लागि म्याद थप गरी वा अन्य तवरबाट कार्य संचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र पनि नगरपालिकाका सदस्यहरुको निर्वाचन सम्पन्न हुन नसकेमा श्री ५ को सरकारले पुनः बढीमा एक वर्षको लागि म्याद थप गरी वा अन्य तवरबाट कार्य संचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. <u>जिल्ला विकास समिति ऐन, २०४८ मा संशोधन</u> : जिल्ला विकास समिति ऐन, २०४८ को,–

(१) दफा ५९ को सट्टा देहायको दफा ५९ राखिएकोछ :–

"५९. <u>म्याद थप गर्न सक्ने</u> : (१) विशेष परिस्थितिवश जिल्ला विकास समितिका सदस्यहरुको समयमा निर्वाचन हुन नसकेमा श्री ५ को सरकारले बढीमा एक वर्षको लागि म्याद थप गरी वा अन्य तवरबाट कार्य संचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र पनि जिल्ला विकास समितिका सदस्यहरुको निर्वाचन सम्पन्न हुन नसकेमा श्री ५ को सरकारले पुनः बढीमा एक वर्षको लागि म्याद थप गरी वा अन्य तवरबाट कार्य संचालन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) दफा ५९ पछि देहायको दफा ५९क. थपिएकोछ :–

"५९क. <u>जिल्ला परिषद सम्बन्धी विशेष व्यवस्था</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ५९ बमोजिम जिल्ला विकास समितिका सदस्यहरुको म्याद थप भएमा वा अन्य तवरबाट कार्य संचालन गर्ने व्यवस्था भएमा दफा १७ बमोजिम जिल्ला परिषद्लाई भएको काम, कर्तव्य र अधिकार प्रयोग गर्न सक्ने गरी श्री ५ को सरकारले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. <u>स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ मा संशोधन</u> : स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८ को दफा १२ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछ :-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले भौगोलिक अवस्था, प्राकृतिक प्रकोप तथा शान्तिसुरक्षाको स्थिति समेत बिचार गरी एउटै विकास क्षेत्रमा पनि एक वा एकभन्दा बढी स्थानीय निकाय वा कुनै स्थानीय निकायको कुनै पदको निर्वाचन एउटै वा अलग अलग मितिमा गराउन सक्नेछ । त्यसरी आयोगले एउटै वा अलग अलग मितिमा गराएको निर्वाचन एकैपटक सम्पन्न भएको मानिनेछ ।"

६. <u>स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५५ निष्क्रिय भएपछि त्यसको परिणामः</u> स्थानीय निकाय तथा निर्वाचन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०५५ निष्कृय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्कृयताले,-

(क) सो अध्यादेश निष्कृय हुँदाका बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

४०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) **सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।**

(ङ) **माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।**

लालमोहर सदर मितिः- २०५५।५।१०।४

आज्ञाले,

**तीर्थमान शाक्य**

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

४०५



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।